# एच.आई.भी. संक्रमित बालबालिकाको शैक्षिक अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम्.एड्.) दोश्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निम्ति प्रस्तुत

शोधपत्र


शोधकर्ता :

**हिरादेवी पौडेल**

त्रि.वि.वि दर्ता नं. : ७-१-२४१-१४३-९८

परीक्षा रोल नं. : २४०००१३/२०६५



त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


**फागुन, २०६७**

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त शोधकर्ता हिरादेवी पौडेलद्वारा तयार पारिएको **“एच.आई.भी. संक्रमित बालबालिकाको शैक्षिक अवस्था”** विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पारिएको हुनाले आवश्यक मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु ।

..................................

उप. प्रा. रमाकान्त सापकोटा

(शोध निर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मिति : २०६७...................

शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम्. एड्. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि विद्यार्थी हिरादेवी पौडेलद्वारा तयार पारिएको **"एच.आई.भी. संक्रमित बालबालिकाको शैक्षिक अवस्था"** विषयमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको हुनाले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

1. उप प्रा.

कुवेरनाथ शर्मा शोध विभागीय प्रमुख .........................

2. उप. प्रा.

रमाकान्त सापकोटा शोध निर्देशक ..........................

३ प्रा. ............................ वाह्य परीक्षक

............................

मिति : २०६७.....................

# कृतज्ञता

प्रस्तुत एच.आई.भी. संक्रमित बालबालिकाको शैक्षिक अवस्था अध्ययन शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यभार पूरा गर्नका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र तयारीका क्रममा आफ्नो कार्य व्यस्तताबाट पनि यथा सक्य समय निकालेर उचित मार्गनिर्देशन, सल्लाह तथा सुझाव प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु रमाकान्त सापकोटाप्रति हृदय देखि नै आभार प्रकट गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्नका लागी स्वीकृति प्रदान गर्नुहुने त्रि.वि. सप्तगण्डकी बहुमुखी क्याम्पस शिक्षा योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आदरणीय गुरु कुवेरनाथ शर्माप्रति पनि आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयारीका क्रममा आफ्नो अमूल्य सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु देनप्रसाद लामिछानेप्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री संकलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि आफ्नो व्यस्त समय दिएर पूर्ण रुपमा सहयोग गर्नुहुने लुम्बिनी प्लस नवलपरासीकी अध्यक्ष निर्मला पौडेल, वित्त अधिकृत प्रकाश पौडेल तथा सम्पूर्ण लुम्बिनी प्लस परिवारप्रति हृदय देखिनै कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी सोधिएका प्रश्नहरुको आवश्यक उत्तर दिएर सहयोग पुऱ्याउनु हुने एच. आई. भी संक्रमित बालबालिकाहरुप्रति पनि कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीकै क्रममा अमूल्य सहयोग तथा सुझाव प्रदान गर्नुहुने साथिहरु शान्ता सुवेदी, पार्वती कंडेल, बहिनी सिता पौडेल र जमुना पौडेलप्रति पनि कृतज्ञ छु । यो शोधपत्रलाई पूर्णता प्रदान गर्नको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने जिल्ला एड्स समन्वय समितिका अध्यक्ष रामहरि न्यौपाने, चितवन सक्रिय समूह, छहारी महिला समूह परिवारप्रति आभार व्यक्त नगरिरहन सक्दिन ।

यो शोधपत्रको तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबै सहयोगी मित्र तथा बुद्धिजिवी ज्यूहरुप्रति कृतज्ञता व्यक्त गर्दै यस शोधपत्रलाई कम्प्युटर टाइप तथा व्यान्डिङ्ग गरी अन्तिम रुप प्रदान गर्नुहुने न्यू सौरभ फोटो स्टुडियो एण्ड कम्युनिकेशन परिवारप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधकर्ता

हिरादेवी पौडेल

# शोध सार

"एच.आई.भी. संक्रमित बालबालिकाको शैक्षिक अवस्था" नामक यस शोधपत्रको मुख्य उद्देश्य एच.आई भी. संक्रमित बालबालिकाको शैक्षिक अवस्था पहिचान गर्नु, एच.आई. भी. संक्रमित बालबालिकाको समस्या र चुनौतिहरुको लेखाजोखा गर्नु, संक्रमित बालबालिकाप्रति विद्यालयमा हुने विभेद न्यूनीकरणका उपायहरु पत्ता लगाउनु रहेको छ।

यस शोध अध्ययन गुणात्मक तथा परिणात्मक ढाँचामा गरिएको छ साथै शोधपत्रलाई पूर्णता प्रदान गर्नको लागि तथ्यांकका दुई प्रकारका साधनहरु प्राथमिक तथा द्वितीय लाई अवलम्बन गरी प्राथमिक तथ्यांक अन्तर्गत अन्तरवार्ता प्रश्नावली, छलफललाई लिइएको छ भने द्वितीय तथ्यांक अन्तर्गत अवलोकन फारम, यस अनुसन्धानसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, लेखरचना, वुद्विजिवीका भनाईलाई लिइएको छ । अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण गर्दा संक्रमित बालबालिकाहरु विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको पाइयो । केही बालबालिकाहरु विद्यालय अध्ययनका लागि पुगेका रहेछन् जसलाई सकारात्मक सन्देशको रुपमा लिइएको छ । घर, परिवार, समाज तथा विद्यालयमा हुने विभेदका कारण पुर्नस्थापना केन्द्रको साहारा लिनुपर्ने वाध्यता आम नेपालीको लागि छँदैछ ।

अध्ययनको छनौटमा परेको नवलपरासी जिल्ला एच.आई.भी. संक्रमणको उच्च जोखिममा परेको पाइयो । जहाँ २२० जना एच.आई.भी. संक्रमित भएर बाँचीरहेको पाइन्छ । जसमा १२ जना बालबालिकाहरु रहेका छन् । बेरोजगारी, गरिवी, चेतनाको कमी, नेपाल र भारत बीचको खुल्ला सिमाना, चेलीवेटी बेचविखन, एच. आई.भी. संक्रमणको मूल कारक तत्वको रुपमा पाइन्छ । समाजमा पढेलेखेका बुद्धिजिवी वर्गहरुमा नै संक्रमित बालबालिकाहरु माथि लगानी गर्नुहुँदैन भन्ने मान्यता रहेको पाइन्छ । जसले बालअधिकारको हनन हुने कुरालाई संकेत गरेको पाइएको छ ।

एच. आई. भी. ⁄एड्स रोकथाम, उपचार र हेरचाह सम्बन्धमा नीति र रणनीतिमा केही व्यवस्था भएता पनि संक्रमित बालबालिकाको लागि कुनै छुट्टै व्यवस्था भएको भने पाइएन

। अझ भन्ने हो भने त्यसको प्रभावकारी कार्यान्वयनको अभाव रहेको कुरा शोधपत्र अध्ययनका क्रममा महसुश गरिएको छ । एच. आई. भी. संक्रमित बालबालिकाहरुलाई साच्चै नै सामाजिक न्याय प्रदान गर्न र उनीहरुको बालअधिकार शुनिश्चित र शैक्षिक पहुँच बृद्धि गर्ने हो भने सरकारी तथा गैर सरकारी क्षेत्रबाट एच. आई.भी. संक्रमित तथा प्रभावित बालबालिकाका लागि उच्च शिक्षा सम्म निःशुल्क अध्ययन सुविधा, मासिकरुपमा भत्ताको व्यवस्था बालअधिकारको सुनिश्चिततताका लागि प्रयत्न गर्नु पर्दछ । साथै एच.आई.भी. र एड्स सम्बन्धी विषयवस्तु विद्यालयको पाठ्यक्रममा नै समावेश गरी आवश्यक शिक्षा प्रदान गर्नुपर्दछ । एच. आई. भी.र  एड्सको रोकथाम, उपचार र हेरचाहका लागि सडक नाटक, रेडियो कार्यक्रम, विद्यालयमा वक्तित्वकला प्रतियोगिता, डकोमेण्ट्री फिल्म प्रदर्शन, गोष्ठी जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागू गर्नुपर्दछ भन्ने जस्ता कुराहरुलाई सुझाव स्वरुप प्रस्तुत गरिएको छ ।

## विषय सूची

सिफारिस- पत्र
**I**
स्वीकृति-पत्र
**II**
कृतज्ञता
**III**
शोधसार
**IV**
विषय सूची
**VI**
तालिका सूची
**VIII**
चित्र सूची
**IX**
संक्षिप्त शब्दावली सूची
**X**
**परिच्छेद एक :परिचय**
१।१ पृष्ठभूमि
1
१.२ समस्याको कथन
7
१.३ अध्ययनको औचित्य
8

१.४ अध्ययनको उद्देश्य 9
१.५ शोध प्रश्न 9
१.६ अध्ययनका परिसीमाहरू 9

**परिच्छेद दुई : सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका**

२.१ साहित्यको सिंहावलोकन 10
२.२ सैद्धान्तिक खाका 16
२.३ शैक्षिक उपादेयता 19

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा 20
३.२ अध्ययनको जनसंख्या र नमूना छनौट 20

३.३ अनुसन्धान विधि र साधनहरू 21
३.४ तथ्याङ्कका स्रोतहरू 21
३.५ तथ्याङ्क संकलन प्रक्रिया 22
३.६ तथ्याङ्क व्याख्या र विश्लेषण 22
**परिच्छेद चार : तथ्याङ्क व्याख्या र विश्लेषण**
४.१ एच.आई.भी. संक्रमित बालबालिकाको शैक्षिक अवस्था 23
४.१.१ एच. आई.भी. संक्रमित बालबालिकाका लागि विद्यालयमा भएको व्यवस्था 24
४.२ एच.आई.भी. संक्रमित बालबालिकाको समस्या र चुनौतिहरु 25
४.३ एच. आई.भी. संक्रमित बालबालिकाप्रति विद्यालयमा हुने विभेद न्यूनकीरणका उपायहरु 29
४.३.१ संक्रमित बालबालिकाको व्यवस्थापनका लागि सरकारको भूमिका 32

४.३.२ राष्ट्रिय नीति तथा रणनीतिमा एच.आई.भी.संक्रमितहरुका लागि राखिनुपर्ने कुराहरु 34

**परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझाव**

५.१ प्राप्ति 36

५.२ निष्कर्ष 39

५.३ सुझावहरू 40

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# तालिका सूची

तालिका नं. १ : नवलपरासी जिल्लामा पहिचान भएका संक्रमितहरूको अवस्था 2
6
तालिका नं. २ : राष्ट्रिय योजना नीति तथा रणनीति 3
3

# चित्र सूची

चित्र नं. १ संसारभर एच. आई. भी. लागेका बयस्क मानिसहरुको अनुमानित जनसंख्या

4

चित्र नं. २ नेपालमा एच. आई. भी. भएका मानिसहरुको अनुमानित जनसंख्या

5

# संक्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| वि.सं | : | विक्रम संवत |
| क्र.सं. | : | क्रम संख्या |
| DNA | : | Deoxyribonucleic acid |
| NCASC | : | National center for AIDS & STD control |
| RNA | M | Ribonucleic acid |
| UNAIDS | : | United National Programme on HIV/ AIDS |
| W.H.O | : | World Health Organization |